पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgafant, Arghakhanchi
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No.: ०७६/०७७
चलानी नं./Ref. No.: १८१६

मिति/Date: २०७७/०३/३१

# सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम नविकरण सम्बन्धी सूचना

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र नविकरण गर्नुपर्ने व्यवस्था रहेकोले आ.व. २०७७/०७८ मा सामाजिक सुरक्षा भत्ता लिन चाहेका लाभग्राहीहरुले २०७७ श्रावण महिना भित्र अनिवार्य नविकरण गर्नुहुन अनुरोध छ ।

निवेदन दिंदाः

१) आगामी आर्थिक वर्षबाट भत्ता पाउने लाभग्राहीहरुलाई नयाँ परिचयपत्र जारी गरिने भएकोले साविकमा भत्ता पाईरहेका लाभग्राहीहरुले पुरानो परिचयपत्रको सक्कल प्रति, हालसालै खिचेको पासपोर्ट साईजको फोटो र सक्कल नागरिकताको प्रमाणपत्र (बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र अपाङ्गता भएकाको हकमा अपाङ्गता परिचय पत्र समेत) सहित नाम दर्ता र नविरकण फारम भरी आफै वडा कार्यालयमा उपस्थित भई निवेदन दिनु पर्नेछ ।

२) बालबालिकाको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले र आफै उपस्थित हुन नसक्ने अन्य व्यक्तिहरुको हकमा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नुहुनेछ ।

३) नाम दर्ता र नविकरण फारम सम्बन्धित वडा कार्यालयमा निःशुल्क प्राप्त हुने वा पाणिनी गाउँपालिकाको वेभ साईट (http://paninimun.gov.np/social-security) बाट डाउनलोड गरी प्राप्त गर्न सक्नुहुनेछ ।

४) आ.व. २०७७/०७८ को पहिलो चौमासिक देखि नै सबै सामाजिक सुरक्षा भत्ता पूर्ण बैंकिङ्ग प्रणालीद्वारा लाभग्राहीहरुको खातामा मात्र भुक्तानी गरिने भएकोले साविकमा भत्ता पाईरहेका लाभग्राहीहरुले तोकिएको बैंकमा अनिवार्य रुपमा सामाजिक सुरक्षा बचत खाता खोली निवेदन दिने बखतमा नै खाता नम्बर उपलब्ध गराउनु पर्नेछ ।

(कमल कान्त खनाल)
अधिकृत स्तर छैठौं

बोधार्थ-
श्री वडा कार्यालय (सबै), पाणिनी गाउँपालिका ।
श्री सूचना प्रविधि अधिकृत- *उल्लेखित सूचना गाउँपालिकाको वेभ साईट तथा पेजमा अपलोड गरिदिनुहुन ।*